२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) "**नगरप्रमुख**"भन्नाले मिर्चैया नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ख)"उपप्रमुख"भन्नाले मिर्चैया नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्छ ।

(ग)"कार्यपालिका"भन्नाले मिर्चैया नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले मिर्चैया नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ङ) "नगरपालिका" भन्नाले मिर्चैया नगरपालिकालाई सम्झनु पर्छ ।

(च)"मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय वा सो कामको लागि तोकिएको संघको मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ)"विषयगत शाखा" भन्नाले मिर्चैया नगरपालिका वा मिर्चैया नगरपालिका अन्तरगतको बिषयगत शाखा,उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ ।

(ज)"वडासचिव"भन्नाले मिर्चैया नगरपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडा सचिवलाई सम्झनुपर्छ ।

(झ)"वडासमिति" भन्नाले मिर्चैया नगरकार्यपालिकाको वडा समितिलाई सम्झनु पर्छ ।

(ञ) "सदस्य" भन्नाले मिर्चैया नगरपालिकाको नगर सभाको सदस्य सम्झनु पर्छ । सो शब्दले मिर्चैया नगरपालिकाको नगरप्रमुख,उपप्रमुख,वडा अध्यक्ष र नगर कार्य पालिकाका सम्पूर्ण सदस्यहरु समेतलाई जनाउने छ ।

(ट) "स्याटेलाईट रिसिभिंग सिष्टम"भन्नाले अधिकांश भाग पृथ्वीको वायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भू-उपग्रहहरु वा अन्तरिक्ष

